"कृषि, पर्यटन र औद्योगिक क्रान्ति सहित सुन्दर, शान्त र सफा नगरको परिकल्पना

मधुवन नगरबासीको चाहना "

# मधुवन नगरपालिका

## नीति, बजेट तथा कार्यक्रम

## आ.ब. २०७७|०७८


प्रकाशक

मधुवन नगरकार्यपालिकाको कार्यालय

मधुवन, बर्दिया



फोन : ०८४-४४०१११, फ्याक्स : ०८४-४४०१११

Email : madhuwanmun@gmail.com, Website: madhuwanmun.gov.np

## श्री मधुवन नगरपालिकाको छैटौ नगरसभामा नगर उपप्रमुख श्री सुबरानी थारु ज्यु बाट

## प्रस्तुत नीति तथा कार्यक्रम

**अध्यक्ष श्री गणेश बहादुर क्षेत्री ज्यू,**

**उपस्थित सम्पूर्ण वडाका वडा अध्यक्षज्यूहरु,**

**उपस्थित सम्पूर्ण नगरकार्यपालिकाका सदस्यज्यूहरु,**

**उपस्थित सम्पूर्ण वडा सदस्यज्यूहरु,**

**उपस्थित सम्पूर्ण कर्मचारी मित्रहरु ।**

१ विश्वब्यापी महामारीको रुपमा फैलिएको corona virus covid-19 का कारण उत्पन्न असहज परिस्थिति र बन्दावन्दीका बीच आज म आ.ब. २०७७।७८ को नीति तथा कार्यक्रम र बजेट पेश गर्न गइरहेकी छु । मधुवन नगरपालिकाको यस गरिमामय छैटौ नगरसभामा उपप्रमुखका हैसियतले आ.ब. २०७७/०७८ को नीति तथा कार्यक्रम र बजेट पेश गर्ने अवसर प्राप्त भएकोमा आभार ब्यक्त गर्न चाहान्छु | यस अवसरमा राजनीतिक परिवर्तनका लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण महान शहिदहरु प्रति हार्दिक श्रद्धान्जली ब्यक्त गर्दछु |

२ नेपालको संबिधानको अनुसूचीहरुमा उल्लेखित आधारभूत जिम्मेवारीमा रहने स्थानीय सरकारका कार्यहरु एबं नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरणमा उल्लेखित कार्यहरु,स्थानीय सरकार संचालन ऐन, २०७४ नगर कार्यपालिका (कार्य बिभाजन) नियमावली २०७४, नगर कार्य सम्पादन नियमावली, २०७४ मा गरिएको व्यवस्था अनुसार सहभागितामुलक ढंगले यो नीति तथा कार्यक्रम पेश गरिएको छ |

३ लामो सघर्षपछि नेपाली जनताको चाहना अनुरुप संघीय स्वरुपको समाबेसी जनप्रतिनीधिमुलक राज्य प्रणाली स्थापना भएको छ | स्थानीय सरकार प्रति जनताको बढ्दो आकाङ्क्षा, श्रोत साधनको सीमितताका बाबजुद उपलब्ध श्रोत साधनको प्रयोगबाट अधिकतम प्रतिफल दिने प्रयास गरिएको छ |

४ यस सभामा प्रस्तुत नीति तथा कार्यक्रमहरुले वर्तमान अवस्थामा विश्वब्यापी महामारीको रुपमा फैलिएको corona virus covid-19 बाट आम सर्वसाधारणलाइ मुक्त गर्न नेपाल सरकारबाट घोषणा भएको जारी लकडाउन र त्यसबाट आम नेपाली जनतालाई जस्तै मधुवन नगरवासी दाजुभाइ तथा दिदिबहिनीहरुको सामाजिक आर्थिक लगायत जीवनका हरेक क्षेत्रमा परेको ब्यापक र दिर्घकालीन असर समेतलाइ न्यून गर्ने तर्फ विचार पुर्याइ योजना तर्जुमाका क्रममा यस नगरपालिकाका विभिन्न तहबाट प्राप्त हुन आएका राय, सुझाब एबं चालु आ.ब. को बजेट कार्यान्वयनबाट प्राप्त उपलब्धि समेतका आधारमा आगामी आ.ब.२०७७/०७८ को बजेट र नीति तथा कार्यक्रम तयार पारिएको छ|

५ कोभिड- १९ को सक्रमणको व्यापकताले सिर्जना हुन सक्ने विषम परिस्थितिसँग जुध्न कृषिमा आधुनिकिकरण गरी ब्यापक रुपमा रोजगारीको सृजना गरी मधुवन नगरपालिकालाई कृषिजन्य वस्तुहरुमा आत्मनिर्भर बनाइनेछ ।

**६** कोभिड -१९ संक्रमणको सम्भावित जोखिममा रहेका नागरिकहरुलाई नेपाल सरकारले तोके बमोजिम क्वारेन्टाइन तथा आइसोलेशनमा राख्ने एंव आवश्यकतानुसार कोरोना भाइरसको उपचार रोकथाम र नियन्त्रणको व्यवस्था मिलाइनेछ ।

७ कोभिड -१९ संक्रमणको सम्भावित जोखिममा रहेका नागरिकहरुलाई आवश्यकतानुसार छिमेकी नगरपालिकाहरुसँग समन्वय र सहकार्य गरि नियन्त्रण रोकथाम र उपचारको व्यवस्था गरिनेछ । यस प्रकारको महामारी रोकथाम तथा नियन्त्रणमा खटिने स्वास्थ्यकर्मि तथा अन्य जनशक्तिलाई मास्क, पन्जा, सेनिटाइजर, पिपिइ लगायतका अत्यावश्यक स्वास्थ्य सामाग्री उपलब्ध गराइनेछ ।

८. आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा मैले जनआकांक्षा र आवश्यकताको बिचमा सामान्जस्यता मिलाई सक्रिय जनसहभागिता हुनेगरी पिछडीयका क्षेत्र, वर्ग, महिला, दलित, बालबालिका, मुस्लिम,सुकुम्बासी र मुक्त कमैयाका समस्याहरु लाई सम्बोधन गर्ने प्रयास गरेकी छु ।

**अध्यक्ष महोदय,**

९. अब म आगामी आ.ब. २०७७।०७८ को बजेट तथा कार्यक्रमका उद्धेश्य, प्राथमिकता र नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

क. **लक्ष्य-**

- मधुवन नगरवासीहरुलाई सामाजिक, सांस्कृतिक, आर्थिक र कृषि क्षेत्रमा पूर्ण आत्मनिर्भर, समुन्नत र स्वावलम्बी बनाउने।
- कोरोना रोगको रोकथाम, नियन्त्रण र उपचार गर्न र यस प्रकारको महामारी विरुद्ध स्वास्थ्य प्रणालीलाई सवल र सुदृढ बनाउने ।

**ख. बजेटका उद्धेश्यहरु**

- यस नगरपालिकालाई प्राप्त  हुने स्रोत साधनको उच्चतम उपयोग गरि नगरबासीहरुको आर्थिक, सामाजिक र भौतिक विकास गर्ने ।
- नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन, २०७४ लगायत प्रचलित ऐन कानुन द्वारा प्रत्याभूत गरियका अधिकारहरुको निर्वाद उपयोग गर्ने वातावरण सिर्जना गरि नगरबासीको सर्वाङ्गिण विकाश गर्ने |
- कोभिड -१९ सक्रमणको सम्भावित जोखिममा रहेका नागरिकहरुलाई नेपाल सरकारले तोके बमोजिम क्वारेन्टाइनमा राख्ने, संक्रमितहरुलाई आवश्यक उपचारको व्यवस्था मिलाइने ।
- पिछडीएका वर्ग, लिङ्ग, जात, जातिको सचेतना बृदि गर्दै सिपमुलक तथा आयमुलक कार्यक्रमहरु संचालन गर्ने |
- सार्बजनिक जग्गा, बाटो,तालतलैया, उद्यान, पार्क, वन-जंगल नदि खोलानाला आदिको संरक्षण  गर्ने |
- निर्माणाधिन नगर कार्यपालिकाको भवन निर्माण सम्पन्न गर्ने, सबै वडा कार्यालयहरुको भवन निर्माण गर्ने |
- नगर भित्रका बसपार्क, मासुपसल, बधसाला तरकारी तथा हाटबजारलाई व्यवस्थित गर्ने
- सार्बजनिक विद्यालयको स्तरोन्नती गर्ने, शिक्षालाई गुणस्तरीय प्रतिस्पर्धी र व्यवसायिक बनाउने  |
- फोहोरमैला तथा ल्यान्डफिल्ड साइटको निर्माण कार्यलाई व्यवस्थित ढंगले अगाडि बढाउने
- कृषि पशुपालनलाई सम्मानित पेशाको रुपमा आकर्षित बनाइनेछ ।
- नगर भित्रका गौरवका आयोजनालाई प्राथमिकिकरण गरी बजेट व्यवस्थापन गरिनेछ ।
- नगर भित्र संचालित घरेलु, साना तथा ठुला उद्योगलाई प्रोत्साहन गरिनेछ ।

बजेटमा उल्लेखित उद्धेश्यहरु हासिल गर्न र प्राथमिकता कार्यान्वयन गर्न मधुवन नगरपालिका सरकारले आम नगरबासिहरु विकाश साझेदार सँस्थाहरु, संघिय र प्रदेश सरकारसंग समन्वय र साझेदारी गर्नेछ | उपलब्ध पूँजी सिप र क्षमताको उच्चतम उपयोग गर्न निजि, सरकारी तथा गैरसरकारी सस्थासंग सहकार्य गर्नेछ ।

**ग. प्राथमिकता**

- भौतिक पूर्वाधार र शहरी विकास
- आधारभूत तथा माध्यमिक शिक्षा
- आधारभूत स्वास्थ्य र सरसफाई
- कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य र सहकारी सम्बन्धि कार्य
- कृषि प्रसारको व्यवस्थापन, पशु स्वास्थ्य र सहकारी सम्बन्धि कार्य
- स्वास्थ्य खानेपानी योजना कार्यन्वयन नियमन एबं खानेपानी व्यवस्थापन
- तटबन्ध, नदि नियन्त्रण
- खेलकुद बिकाश
- यातायात
- होम स्टे संचालन
- घरेलु, साना तथा ठुला उद्योग

**घ. नीति तथा कार्यक्रम**

आ. ब. **२०७७/२०७८** को बार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा दीर्घकालीन लक्ष्य उद्धेश्य तथा प्राथमिकता प्राप्त क्षेत्रहरुका अतिरिक्त कोरोना रोगको रोकथाम, नियन्त्रण र उपचार, यस प्रकारको महामारी विरुद्ध लड्न स्वास्थ्य प्रणालीलाई सवल र सुढृढ बनाइने छ साथै यस नगरपालिकाको आवधिक योजना समेतलाई आधारको रुपमा स्वीकार गरिएको छ । यसका साथै प्रचलित नियम कानून विभिन्न संघ सँस्थाहरुबाट प्राप्त सुझाव तथा प्रतिक्रियाका आधारमा देहायका नीति तथा कार्यक्रमहरु अवलम्बन गरिने छ ।

**१ <u>भौतिक पुर्वाधार तथा शहरी विकास</u>**

- सडक बोर्ड नेपाल र अन्य निकाय समेतबाट प्राप्त हुने अनुदान रकम अन्तर्गत संचालन हुने कार्यक्रमहरुको कार्यन्वयनमा तिब्रता ल्याउन उपभोक्ता समितिहरुलाई सवल र सक्षम बनाउने कार्यक्रम संचालन गरिने छ |

- विकास निर्माणका कार्यमा संलग्न उपभोक्ता समितिले गरेका कार्यहरुको मूल्याङ्कन गरि सर्बोत्कृष्ट कार्य गर्नेलाई सम्मान गरिनेछ |
- नगर क्षेत्र भित्र प्रयोगमा रहेका खुल्ला सार्वजनिक स्थानको संरक्षण सम्बर्धन गर्ने |
- नगर क्षेत्रको सडक संजालमा सबै नगरवासीहरुको पँहुच बढाउन आवश्यकता र औचित्यको आधारमा नयाँ सडकको निर्माण र भएका  सडकहरुको स्तरोन्नती गरिनेछ ।
- स-साना आयोजना सन्चालन गर्नुको साटो समयमै सम्पन्न गर्न सक्ने उपलब्धिमुलक आयोजना सन्चालन गर्दा गुणस्तरलाई उच्च प्राथमिकता दिईने छ |
- विद्यालय तथा सरकारी भवनको हाता पूर्ण सरसफाई र वातावरण मैत्री बनाईनेछ ।

## २ **<u>शिक्षा</u>**

"शैक्षिक गुणस्तर, मधुवन नगरपालिकाको समृद्बीको आधार"

- सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर कायम गर्न बिशेष ध्यान दिइनेछ ।
- विद्यालयमा लागुपदार्थ दुर्व्यसनीय विरुद्बको अभियान, योग अभ्यास, बालक्लव क्षमता विकास कार्यक्रम, शिशु स्याहार कार्यक्रम अगाडी बढाइनेछ ।
- एक वडा एक प्राविधिक बिद्यालय शिक्षा नीति लाई अवलम्वन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात नमिलेको ठाँउमा दरबन्दी मिलान गर्दै कार्यक्रमलाई अगाडी बढाइनेछ, न्यून विद्यार्थी रहेका विद्यालयहरुलाई नजिकैको विद्यालयमा मर्ज गरी शिक्षक दरबन्दी समेत मिलान गरीनेछ ।
- कमजोर सिकाइ उपलब्धी भएका विद्यार्थीहरुलाई शैक्षिक सुधार गर्न अतिरिक्त कक्षा सञ्चालनको लागी रकम उपलब्ध गराइनेछ ।
- शिक्षण सिकाइ वृद्बि गर्नका लागी विद्यार्थी द्बारा शिक्षकको शिक्षण सिकाइ समयावधि मूल्याङ्कन गरिनेछ ।
- सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई निशुल्क सेनेटरी प्याड उपलब्ध गराइनेछ ।
- बालबिकास सहजकर्ता, शिक्षकहरुको पेशागत विकास तालिम प्रदान गरिनेछ ।
- विद्यालय कर्मचारी, प्र.अ. लाई SIP, IEMIS र लेखा सम्बन्धी अभिमुखिकरण तालिम प्रदान गरिनेछ ।
- विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गरी अर्न्तनिहीत प्रतिभाको प्रस्फुटन गरिनेछ ।
- सामुदायिक विद्यालयमा अंग्रेजी माध्यम शिक्षणको लागी प्रोत्साहन गरीनेछ ।
- बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरु लाई प्रोत्साहन अनुदान लाई निरन्तरता दिइनेछ ।
- एक विद्यालय एक फुलवारीको अवधारण अनुसार कार्यक्रम सञ्चालन गरिनेछ ।

- लक्षित समुह तथा पिछडीएको क्षेत्रमा भएको विभेदलाई न्यूनिकरण गर्दै शिक्षा प्रणालीमा पँहुच, सहभागीता तथा सिकाइ उपलब्धीका दृष्टिले समावेशिता तथा समता सुनिश्चित गर्ने ।
- प्रारम्भिक कक्षा पढाइ कार्यक्रमलाई सरोकारबाला संग छलफल गरी कार्यान्वय गरिनुका साथै पठन सीपको विकास गरिनेछ ।
- बालबिकाश देखि कक्षा ५ सम्मका सामुदायिक विद्यालयमा अध्ययनरत सवै बालबालिकाहरुलाई दिवा खाजाको व्यवस्था गरीनेछ ।
- विद्यालयको भौतिक विस्तार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नगरस्तरीय शैक्षिक निति तथा ऐन नियमावली निर्माण गरिनेछ ।
- नगर भीत्रका टुहुरा, असहाय बालबालिकाहरुलाई निशुल्क आवास र अध्ययनको व्यवस्थापन गरिनेछ ।
- सामुदायिक विद्यालयका भवनहरुको मर्मत तथा कक्षाकोठा व्यवस्थापन लाई निरन्तरता दिइनेछ ।
- नगरस्तरीय शैक्षिक समारोह सञ्चालन गरी उत्कृष्ट विद्यार्थी तथा अवकाश प्राप्त शिक्षकहरु लाई सम्मान गरीनेछ ।
- स्थानीय संस्कृति संरक्षण एंव प्रर्वधनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।
- विद्यालयमा स्वच्छ सफा र शुद्ध खानेपानी उपलब्ध गराउन आरसेनिक बायोस्याड फिल्टर वितरणका लागी आवश्यक कदम चालिनेछ ।

## 3 स्वास्थ्य

- नगरपालिका र विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंगको साझेदारीमा संचालित स्वास्थ्य क्षेत्रसंग सम्बन्धित कार्यक्रमहरुलाई निरन्तरता दिईने छ ।
- पोलियो खोप,भिटामिन ए कार्यक्रम,एच.आइ.भी एडस र लागुपदार्थ दुव्र्यसनिय नियन्त्रको लागि स्थानिय संघ सस्थाहरुसँग समन्वय गरि कार्यक्रम संचालन गरिनेछ ।
- सबै स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीको स्तर बृद्धि गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।
- नगर स्वास्थ्य क्लिनिक सञ्चालनका लागि जनस्वास्थ्य कार्यालय र नगरपालिकाको वीचको साझेदारीलाई निरन्तरता दिइनेछ ।
- नगरक्षेत्रका ह्याण्ड पम्पको पानीमा आर्सेनिक लगायतका समस्याहरु रहेकोमा रेडक्रसको समन्वयनमा आर्सेनिक परिक्षण, आर्सेनिक रहित सामुदायिक धारा उपलब्ध गराउने नीति अबलम्बन गरिनेछ ।
- नगरक्षेत्रका महिलाका लागि विशेष मातृ शिशु स्याहार कार्यक्रम ल्याइने छ ।

- स्वास्थ्यमा सबैको पहुच पूर्याउन विपन्न सबै बस्तीहरुमा एम्बुलेन्स सेवा पुग्ने गरि पूर्वाधार निर्माण समेत गरिनेछ ।साथै नगरपालिकाबाट आ ब २०७७।०७८ बाट पनि बजेट व्वस्था गरी कामलाई अगाडी बढाइनेछ ।
- मधुवन नगरपालिकामा सुविधा सम्पन्न कम्तीमा २५ सैया सम्मको अस्पताल स्थापना गर्ने पहल गरिनेछ । सो कार्यका लागि विभिन्न संघ सस्थाको सहयोग समेत लिइनेछ ।
- जिर्ण भएका स्वास्थ्यकेन्द्रहरुको मर्मत सम्भार गरि संचालनमा ल्याइनेछ ।
- विभिन्न ठाँउहरुमा घुम्ति सेवा समेत सञ्चालन गरिनेछ ।
- कुपोषण भएका बच्चाहरुको पहिचान गरि निशुल्क उपचारको व्यवस्था मिलाइनेछ ।अति विपन्न र उपचार बाट बन्चित घर परिवारहरुलाई स्वास्थ्यमा थप सहयोग गर्ने नीति लिइने छ।
- कोरोना भाइरस कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि तपसिल बमोजिमका कार्यहरु गरिनेछन् ।
- कोरोना भाइरस कोभिड-१९ को को रोकथाम, नियन्त्रण तथा उपचारका लागि प्रयाप्त मात्रामा बजेट विनियोजन गरिनेछ ।
- मधुवन न.पा. अन्र्तगतका सम्पूर्ण स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रहरुको सुढृढिकरण तथा सवलिकरण गरिनेछ ।
- सम्पूर्ण स्वास्थ्यकर्मिहरु लगायत यस कार्यमा संलग्न जनशक्तिलाई जोखिम भत्ता तथा प्रोत्साहन भत्ता प्रदान गरिनेछ ।
- कोभिड-१९ को संक्रमण बढ्दै गएको र हालको जनशक्तिले धान्न नसक्ने अवस्था सृजना भएमा बाह्य जनशक्ति करारमा लिई कार्य गर्ने नीतिलाई अवलम्बन गरिनेछ ।
- कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि आवस्यकता अनुरुप आइसोलेसन कक्षहरु स्थापना र विस्तार गरिनेछ ।
- स्वास्थ्य महिला स्वयमसेविकाको लागि विशेष तालिम र  समय अनुकुल अपग्रेड गरिनेछ ।

## ४ <u>कृषि तथा सहकारी</u>

कृषिमा आधारित पकेट क्षेत्रहरु पहिचान गरि कृषि उत्पादनका लागि कृषक तथा सो संग सरोकार राख्ने संघसस्थाहरु संगको  सहकार्यमा सहयोगी कार्यक्रमहरु संचालनमा ल्याइने छ ।

- कृषिको दिगो विकासका लागि धान, गहुँ, मसुरो, तोरी, आलु ,तरकारी तथा फलफूल ,मसला वालीहरुको बीज बृद्धि गर्ने तथा उत्पादन बृहत क्षेत्र  पकेट विकास कार्यक्रम संचालन गर्दै उत्पादनमा सहभागी इच्छुक कृषक,उद्यमी, कृषक समुह, सहकारी, नीजि क्षेत्र स्थानिय ,प्रदेश र संघिय सरकारसँग सहकार्यमा पकेट ,ब्लक कार्यक्रम संचालन गरिनेछ ।
    - कृषि प्रसार सेवा अन्तरगत बाली उत्पादन प्रविधि प्रर्दशनी तथा प्राविधिक सेवाकृषकको घर खेतबारीमा पुराइनेछ र नगर नमुना गाँउ कृषि विकास कार्यक्रम संचालनमा ल्याइनेछ।

- वागवानी विकास कार्यक्रम अन्तरगत मौसमी तथा बेमौसमी तरकारी उत्पादन ,आलङ्कारिक बोटविरुवा ,फलफूल तरकारी नर्सरी स्थापना तथा फलफुल बगैचा विस्तार कार्यक्रम ,नमुना घरवारी करेशावारी तथा कौसी खेति कार्यक्रम मार्फत कृषकको षोषण तथा आर्थिक विकासमा जोड दिने कार्यक्रम ल्याइनेछ ।
- बैज्ञानिक खेतीका लागि, माटोको उर्वरा शक्ति कायम राख्दै ,माटोको परिक्षण ल्याब सेवा ,कम्पोष्ट मल तथा ढैचाको बीज बृद्धि हरियो मलको रुपमा प्रयोग प्रर्दशन ,भर्मिकम्पोष्ट गड्यौले ,वायोचार निमार्ण कार्यक्रम संचालन ल्याई दिगो कृषि उत्पादनको सुनिश्चता गरिनेछ ।
- वाली संरक्षण गर्न कृषि विमा ,प्लान्ट क्लिनिक ,आई.पि.एम कार्यक्रम ,विषादीको बैज्ञानिक प्रयोग तथा मानव स्वास्थ सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालनमा ल्याईनेछ ।
- सुख्खा बाँझो जमिनमा कषि उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि साना सिचाइ कार्यक्रम र सिचाइको भरपर्दो व्यवस्था भएको क्षेत्रमा सघन खेती प्रणाली अपनाइनेछ ।
- जमिनको खन्डिकरण रोक्न ,लागत खर्च कम गर्न चक्लाबन्दी खेति  कार्यक्रम संचालनका लागि सम्भावित अध्ययन गरि सरोकारवाला निकायसंग सहकार्य गरी कार्यक्रम संचालन ल्याइनेछ
- उत्पादित कृषि तथा पशुजन्य वस्तुको पोष्टहार्बेष्ट प्रविधि ,प्रारम्भिक प्रसोधन तथा मूल्य श्रृङखला अभिबृद्धि गराउदै उचित बजार ब्यवस्थापन,कृषि ढुवानी एम्बुलेन्स सेवा तथा भण्डारण गोदाम सहितको व्यवस्थाका लागि  सहकारी, सरकारी तथा नीजि क्षेत्रको लागत सहभागितामा उचित व्यवस्थापन र वितरणको नीति अबलम्बन गरिनेछ ।
- कृषि पर्यटन,प्राङ्गारिक खेती सम्बन्धि  प्राथामिकता दिइ कार्यक्रम संचालनका लागि अध्ययन गरी कार्यक्रम संचालन गरिनेछ ।
- कृषि पेशालाई एक सम्मानित ,नाफामूलक पेशाको रुपमा आकर्षण गर्न युवाहरुलाई उद्यमशीलता विकास कार्यक्रम सहभागी गर्न घुम्तिकोष मार्फत व्यवसाय गर्न इच्छुक कृषकलाई ब्याज अनुदान कार्यक्रम संचालनमा ल्याइनेछ।
- कृषि उत्पादन ,उत्पादकत्व  बृद्धि गर्न लागत न्युनिकरण गर्न कृषि यन्त्रउपकरणको प्रयोग कृषक समक्ष पुरयाउन कृषि यन्त्रउपकरणमा ५० प्रतिशतमा अनुदानमा उपलब्ध गराइने छ ।
- खेतीयोग्य जमिन बाँझो नराख्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- साना किसान समुह/सहकारीमा आवद्ध कृषकहरुलाई सीपमूलक र आयमूलक तालिम संचालन गरी उद्धयमशीलता विकास गरीने छ । एकहार प्रणालीमा आबद्धगरी सहकारीलाई गरीवी न्यूनिकरणको विकासको रुपमा विकाश गरिनेछ । सहकारी ऐन नियम अनुसार स्थापना भएका उद्धेश्य अनुरुप संचालन हुन नसकेका २ वा २ भन्दा बढी

सहकारीहरु वीच सामान्जस्यता अभिवृदी गरी मर्जको नीति अवलम्वन गरी सहकारीलाई सदृढिकरणका लागी प्रयास गरिनेछ ।

## ५ पशु सेवा

▪ पशुपालन व्यवसायलाई व्यवसायिकरण, आधुनिकिकरण, विविधिकरण र यान्त्रिकरण गरी आयात प्रर्तिस्थापन गर्ने, आत्मनिर्भर हुदै निर्यातको दर बढाउने, रोजगारी स्थापना गर्ने, सम्मानित पेशाको रुपमा विकास गरिनेछ ।

▪ कृषक कल सेन्टर स्थापना गरी कृषकको गोठ खोरमा प्राबिधिक सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।

▪ पशुपालन पकेट क्षेत्रको स्थापना गरी पशुपन्छी श्रोतकेन्द्रको रुपमा विकास गर्ने साथै पशुपन्छी तथा पशुपन्छी जन्य बस्तु दुध, फूल, मासुको उत्पादनमा बृद्धि गरिनेछ ।

▪ व्यवसायिक पशुपालन क्षेत्रमा युवाको आकर्षण बढाउन, पुराना फार्मको सुरक्षा तथा नयाँ फार्मको स्थापना र विस्तारमा उत्प्रेरित गर्न नगर प्रमुख युवा लक्षित फार्म प्रबद्र्घन कार्यक्रम लाई (बाख्रा, गाई, भैसी, बंगुर, कुखुरा, माछा) निरन्तरता दिईनेछ ।

▪ पशुपन्छीमा फैलिने बिभिन्न रोगहरुको उपचारका लागि उपचार सेवाको विस्तार गर्न पशुस्वास्थ्य सेवा गाँउघर क्लीनिक कार्यक्रम तथा शिविर सेवा वडा कार्यालयहरुको समन्वय तथा साँझेदारीमा सञ्चालन गरिनेछ ।

▪ पशु आहारामा सुधार गर्न तथा उत्पादन लागत कम गराउन मिनरल ब्लकको प्रयोग, स्थानिय स्तरमा दाना बनाई प्रयोग गराउने, घाँस खेती, घाँसको श्रोत केन्द्र विस्तार जस्ता कार्यक्रमको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

▪ कृषकलाई सस्तो ब्याजमा कृषि ऋण उपलब्ध गराउन स्थानिय सकृय पशुपन्छी पालक कृषक समुहको साँझेदारीमा कृषि ऋण कोष स्थापना गरी सस्तो ब्याजमा (५ प्रतिशत) परिचालन गर्ने ब्यवस्था मिलाईनेछ ।

▪ पशुपन्छी र कृषि तथा पशुपन्छी जन्य वस्तुको सिमापार खुला आयात निरुत्साहित गरिनेछ ।

▪ पशुपन्छी मृत्यु दर न्युन गर्न, कृषकको पशुधन सुरक्षा गर्न उपचार तथा प्रयोगशाला सेवालाई थप प्रभावकारी बनाईनेछ ।

▪ पशु स्वास्थ्य तथा अन्य पशु सेवाका कार्यक्रमहरुलाई सबैको पँहुचमा पुगाउने उद्धेश्यले पशु सेवा केन्द्र ढोढरी र पशु सेवा केन्द्र ओरालीमा स्थापना भई सेवा समेत सञ्चालन भैरहेकोले थप प्रभावकारी बनाउन उक्त सेवा केन्द्रहरुको क्षमता अभिबृद्घि गरिनेछ ।

▪ पशुपन्छीबाट मानब स्वास्थ्यमा पर्ने असरलाई मध्यनजर गर्दै बिभिन्न जनचेतनामुलक कार्यक्रम, सुधारका कार्यक्रम, कृषकको दैनिकी सजिलो बनाउन यान्त्रिकरण कार्यक्रर्म तर्जुमा गरी सञ्चालन गरिनेछ ।

- पशुपन्छीपालन क्षेत्रमा आई पर्ने बिभिन्न बेथिति, कालाबजारी र अन्य समस्याहरुलाई न्युनिकरण गर्न बजार अनुगमन तथा नियमन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- पशुपालन व्यवसायबाट राम्रो उत्पादन तथा आम्दानी लिन उन्नत पशु पालन, कृत्रिम गर्भाधान कार्यक्रमहरुलाई थप प्रभावकारी बनाई निरन्तरता दिईनेछ ।
- असहाय तथा बिपन्न परिवारका सदस्यहरुको समस्यालाई मध्यनजर गर्दै नगर उप प्रमुख पशुपन्छी पालन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- संघिय सरकारबाट सञ्चालन भएको एक पालिका एक प्राबिधिक कार्यक्रमलाई निरन्तरता दिदै थप प्रभावकारी हुने गरी आवश्यक साझेदारी गरिनेछ ।
- पशु तथा पशुपन्छी जन्य उत्पादन बजारीकरणका लागि दुग्ध सहकारी तथा अन्य सहकारी, निजी डेरी, बुच्चड खाना तथा मासु पसल, कोल्ड स्टोर र अन्य निर्यातकर्ता लाई समन्वय, सहजिकरण तथा प्रोत्साहन कार्यक्रमको तर्जुमा गरिनेछ ।
- मधुवन नगरपालिकाको कृषि तथा पशुपालन क्षेत्रको समग्र विकासका लागि संघिय सरकार, प्रदेश सरकार, अन्य दातृ निकाय, सँघसँस्था, निजी क्षेत्र, कृषि क्षेत्रका सहकारी, वित्तिय क्षेत्र सँग आवश्यक समन्वय तथा साझेदारी गरिनेछ ।

## ६ <u>महिला बालबालिका तथा जेष्ठ नागरिक</u>

**"लैङ्गिक हिंसा र विभेदको अन्त्य: आर्थिक रुपान्तरण अबको गन्तव्य"**

- नेपालको संबिधान  चालु पन्ध्रौ योजना र नेपाल सरकारको आ.व २०७७।०७८ को निति तथा कार्यक्रम ले लैंगिक विभेदको अन्त्य गर्दै पछाडि परेका वर्ग तथा समुदाय,दलित, आदिवासी, जनजाती, पिछडा वगर्, अपाङ्गता भएका व्यक्ति, लैगिक तथा यौनिक अल्पसंख्यक, किसान श्रमिकलाइ राज्यको सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हकको प्रत्याभुति गरेको छ ।आर्थिक सम्वृद्धि र दिगो विकाशका लागी समान अवसर र नेतृत्वदायी भुमिका स्थापित गर्दै स्रोत, साधन,अवसर र लाभमा महिलाको समान पहुच स्थापित गर्न नगरका अन्य विषयगत शाखाहरु संग समन्वय र सहकार्य मार्फत लक्षित कार्यक्रम थप प्रभावकारी ढंगबाट सञ्चालन गरि पुँजी एवं बजार ब्यवस्थाका सुबिधा उपलब्ध गराएर बेरोजगारीको अवस्थामा रहेका महिलाहरुलाई सिपमुलक एवम आयमुलक तालिम को माध्यमबाट घरेलु तथा कुटिर उद्योगधन्दामा संलग्न हुने अवसर प्रदान गरी उद्यमशिलता विकाश , आत्मनिर्भर र सक्षम हुन कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालबालिका नै  राष्ट्रको अमुल्य सम्पत्ति हुन सम्बृद्ध  नेपाल र सुखी नेपालीको यात्रा सुनिश्चित गर्ने सुनौला सम्भावना हुन । नेपालको संविधानले बालबालिकाको हकलाइ मौलिक हकको रुपमा व्यवस्था गरी बालअधिकार महासन्धिमा अंकित गरेका बाल अधिकारका चार आयाम बाल बचाउ,बाल संरक्षण,बालविकाश बाल सहभागिता जस्ता विषयहरुलाइ समेटेको छ । नगरक्षेत्रमा रहेका

बालबालिकाहरुको तथ्याङ्क संकलन गरि उनिहरुको वास्तविक अवस्था पहिचान गरिने छ ।बालबालिका तथा किशोर किशोरीहरुलाइ सबै प्रकारको हिंसा दुर्व्यवहार र शोषणबाट मुक्त गराउदै उनिहरुको हक अधिकार प्रयोग गर्न योग्य र सक्षम नागरिकको रुपमा विकाश गर्न सोहि अनुसारका कार्यक्रम सञ्चालन गर्ने निति लिइनेछ ।

- जेष्ठ नागरिकमा रहेका ज्ञान सिप, सिर्जना, सस्कार र अनुभव नगर क्षेत्रको विकाशमा प्रयोग गर्न ज्येठ नागरिक लक्षित कार्यक्रमलाइ थप प्रभावकारी बनाइने छ ।
- संघ प्रदेश र स्थानिय तहको समन्वय र साझेदारीमा महिला उद्धमशिलता विकास र वित्तिय पहुँच प्रशिक्षण कार्यक्रम, महिला उद्धमशिलता सहजिकरण केन्द्र संचालन, जेष्ठ नागरिक मिलन केन्द्र निर्माण तथा संचालन, अपाङ्गता नागरिकग्राम स्थापना र संचालन, बाल उद्यान / पुस्ताकालय निर्माण गरिनेछ ।
- प्रदेश र स्थानिय तहको साझेदारीमा कार्यविधी तथा मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

## ७ रोजगार सेवा केन्द्र (प्रधानमन्त्री रोजगार कार्यक्रम)

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त,दक्षजनशक्ति,रोजगारीको क्षेत्र र रोजगार सम्बन्धी अन्य कार्यक्रमहरु संग आबद्ध गरी यथार्थ उत्पादनमुलक रोजगारी सिर्जना गर्ने बेरोजगार लक्षित अभियानको रुपमा कार्यान्वयन गरिनेछ ।
- रोजगार व्यवस्थापन सुचना प्रणाली (EMIS) मार्फत श्रमबजारमा रहेका श्रमिकहरुको सीप र क्षमताको उपयोग गर्न सहज हुने गरी उनीहरुको व्यक्तिगत विवरण राखीनेछ ।
- रोजगारदाता र श्रमिक विच असल श्रम सम्बन्ध विकास गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमको दायरा विस्तार गरी सार्वजनिक विकास निर्माण कार्य श्रममुलक प्रविधिबाट कार्यान्यवन गरिनेछ ।

## ८ आर्थिक प्रशासन तथा राजस्व परिचालन

- आर्थिक क्रियाकलापमा सूचना प्रणाली तथा सफ्टवेयर सुत्र(SUTRA) प्रणालीको संचालनलाई आधार मानी थप व्यवस्थित गरिनेछ ।
- वित्तीय प्रतिवेदन तथा लेखांकनलाई थप व्यवस्थित गरिनेछ ।
- बक्यौता बेरुजु एबं पेश्की फर्छ्यौट गर्ने कार्यलाई प्रभावकारीरुपमा संचालन गरि असुल उपर गर्नु पर्ने रकम कडाईका साथ् असुल उपर गर्ने नीतिलाई थप प्रभावकारी बनाइने छ ।
- नगर स्तरीय राजश्व परामर्श समिति तथा राजश्व प्रक्षेपण सम्बन्धि सम्भाव्यता अध्ययन प्रतिबेदनमा उल्लेखित सुझाब एबं सिफारिसलाई नगरपालिकाको राजश्व नीतिको आधारको रुपमा अवलम्बन गरिनेछ ।
- आन्तरिक श्रोतका कर,शुल्क , महशुल असुली व्यवस्थापनलाई प्रभावकारी बानाइ नगर विकासको गतिलाई दिगो र भरपर्दो बनाउनको लागि राजश्व असुलीको योजनालाई निरन्तरता दिईनेछ ।

- आन्तरिक राजश्व अभिबृदीका लागि सार्वजनिक निजि साझेदारी अन्तर्गत व्यवसाय कर, पसल घर जस्ता क्षेत्रमा भएको सार्वजनिक निजि साझेदारीको प्रयासलाई निरन्तरता प्रदान गरिने छ ।

**९ फोहोर व्यवस्थापन**

- नगर भित्र निस्काशन हुने फोहोर अन्तिम बिसर्जन गर्ने सम्बन्धमा सम्बन्धित निकायहरुसंगको सहकार्यमा नमुना क्षेत्र छनौट गरि कार्यक्रम संचालन गरिनेछ ।
- फोहोरमैला व्यवस्थापनमा निजि क्षेत्रको सहभागितालाई प्रवद्वन गर्न सार्वजनिक निजि साझेदारी आवधारणा अनुरुप फोहोर व्यवस्थापन सम्बन्धि निजि क्षेत्रमा हस्तान्तरण गर्दै जाने नीति अङ्गीकार गरिनेछ ।

**आ ब २०७६।०७७ को खर्च प्रगती ( २०७७।०३।०९ गते सम्म)**

| सि न | खर्च शिर्षक | खर्च प्रतिशत |
|---|---|---|
| १ | चालु खर्च | ४८.४६ % |
| २ | पुँजीगत खर्च | ५१.६३ % |

**आदरणीय नगरसभा सदस्य ज्यू हरु अब म मधुवन नगरपालिकाको आ.ब.२०७७/२०७८ का लागि अनुमानित आय, व्यय र बजेटको साराशं प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**मधुवन नगरपालिकाको**

**आ.ब. २०७७/२०७८ का लागि अनुमानित आय, व्यय**

**बजेटको साराशं**

रु.

| क्र.स | आम्दानी विवरण (श्रोत) | रकम | क्र.स | खर्चको विवरण (विषयगत क्षेत्र) | बजेट सिमा |
|---|---|---|---|---|---|
| १ | संघिय समानिकरण अनुदान | १३८९०००० | १ | चालु खर्च | ९००००००० |
| २ | प्रदेश समानिकरण अनुदान | ५६७९००० | २ | पुजीगत खर्च | २११९२२५९२ |
| ३ | संघिय राजश्व बाँडफाड | ९६८३२५९२ | ३ | संघिय शशर्त सघिय | २५२९००००० |
| ४ | प्रदेश राजश्व बाँडफाड | ५५११००० | ४ | प्रदेश शशर्त प्रदेश | १७८५०००० |
| ५ | संघिय सशर्त अनुदान | २५२९००००० | ५ | प्रदेश समपुरक प्रदेश | २००००००० |
| ६ | प्रदेश सशर्त अनुदान | १७८५०००० | ६ | प्रदेश बिशेष अनुदान | ७०००००० |
| ७ | प्रदेश विशेष अनुदान | ७०००००० | ७ | सामाजिक सुरक्षा कार्यक्रम | १३००००००० |
| ८ | प्रदेश समपुरक अनुदान | २००००००० | ८ | सडक बोर्ड नेपाल | ३०००००० |
| ९ | सामाजिक सुरक्षा कार्यक्रम | १३००००००० | ९ | बहुक्षेत्रीय पोषण | १७२४००० |
| १० | सडक बोर्ड | ३०००००० | १० | एल.जि.सि.डि.पी. | ३६०००० |
| ११ | बहुक्षेत्रीय पोषण | १७२४००० | ११ | पर्यटन पूर्वाधार विकास | २५००००० |
| १२ | एल.जि.सि.डि.पी. | ३६०००० | १२ | स्थानीय पुर्वाधार विकास कार्यक्रम | १००००००० |
| १३ | पर्यटन पुर्वाधार विकास | २५००००० | | | |
| १४ | स्थानीय पुर्वाधार विकास कार्यक्रम | १०००००००० | | | |
| १५ | आन्तरीक आय | ५५०००००० | | | |
| | जम्मा आय | ७४७२५६५९२ | | जम्मा खर्च | ७४७२५६५९२ |

**आदरणीय महानुभावहरु,**

मधुवन नगरपालिकाको बिकाशमा निरन्तर सहयोग पुर्याउने मधुवनवासी दिदि बहिनी तथा दाजुभाइहरु, सबै करदाताहरु, संघिय सरकार, प्रदेश सरकार बिकाश साझेदार सस्थाहरु, लगायत सबैमा हार्दिक आभार प्रकट गर्न चाहन्छु, साथै यो बजेट कार्यान्वयनमा सबै पक्षको सहयोग रहने अपेक्षा गरेकी छु ।

**सुवरानी थारु**
**उपप्रमुख**
**मधुवन नगरपालिका, बर्दिया**